# सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको
# मतगणना निर्देशिका, २०७५

सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचनमा मतगणना कार्यलाई व्यवस्थित र विश्वसनीय बनाउन वाञ्छनीय भएकाले *सर्वोच्च अदालत बार एशोसिएशन् निर्वाचन समिति, २०७५* बाट *कार्यसमितिको मतगणना निर्देशिका, २०७५* जारी गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम 'सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको मतगणना निर्देशिका २०७५' रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ भई लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा–

(क) 'विधान' भन्नाले नेपाल बार एशोसिएशनको विधान, २०४८ सम्झनुपर्छ ।

(ख) 'विनियम' भन्नाले नेपाल बार एशोसिएशनको विनियम, २०४९ सम्झनुपर्छ ।

(ग) 'आचारसंहिता' भन्नाले सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचन आचारसंहिता, २०७५ सम्झनुपर्छ ।

(घ) 'निर्वाचन निर्देशिका' भन्नाले सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचन निर्देशिका, २०७५ सम्झनुपर्छ ।

(ङ) 'निर्देशिका' भन्नाले सर्वोच्च अदालत बार एशोसियशनको मतगणना निर्देशिका, २०७५ सम्झनुपर्छ ।

(च) 'कार्यसमिति' भन्नाले सर्वोच्च अदालत बार एशोसिएशनको कार्यसमिति सम्झनुपर्छ ।

(छ) 'निर्वाचन समिति' भन्नाले विधानको धारा ४५ बमोजिम कार्यसमितिबाट गठित निर्वाचन समिति सम्झनुपर्छ ।

(ज) 'निर्वाचन अधिकृत' भन्नाले प्रमुख निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(झ) 'उम्मेदवार' भन्नाले सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचनमा उम्मेदवारी दिई उम्मेदवारको अन्तिम नामावलीमा कायम रहेका पदाधिकारी र सदस्यका उम्मेदवारहरूलाई सम्झनुपर्छ । सो शब्दले नेपाल बार एशोसियशनको कार्यकारीणी परिषद्को सदस्य(पार्षद्) समेतलाई जनाउँदछ ।

(ञ) 'कर्मचारी' भन्नाले सर्वोच्च अदालत बार एशोसिएशनका कर्मचारी वा निर्वाचन समितिले निर्वाचन अवधिभरकालागि नियुक्त गरेका कर्मचारीलाई जनाउँछ ।

(ट) 'मतगणना अधिकृत' भन्नाले निर्वाचन समितिबाट मतगणना प्रयोजनकालागि नियुक्त गरिएको मतगणना अधिकृत सम्झनुपर्छ ।

परिच्छेद -२

## मतगणना कार्यविधि

३. **निर्वाचन समितिले मतगणना कार्य गर्दा निम्न बमोजिमको कार्यविधि अबलम्बन गर्नेछ ।**

(१) निर्वाचन समितिले मतपेटीकाहरु सहितको निर्वाचन सामाग्री मतगणना अधिकृतलाई उपलब्ध गराउनेछ ।

(२) निर्वाचन समितिले मतदाता संख्या र कुल खसेको मत संख्या खुलाई सम्बन्धित उम्मेदवार/प्रतिनिधिहरुको रोहवरमा सिलबन्दी मतपेटीका खोली मतगणना शुरु गरेको मुचुल्का गरी मतगणना गरी गराई मतगणना सकिएपछि सदर मत संख्या, बदर मत संख्या, कुन कुन उम्मेदवारले कति मत प्राप्त गरेको हो ? सो समेत खुलाई मतगणना परिणामको मुचुल्का गरी राख्नु पर्नेछ ।

(३) मतगणना गर्दा मतपत्र सदर वा बदर के छ हेरी जाँची सदर मतहरुबाट कुन कुन उम्मेदवारले मत प्राप्त गरेका छन् मतको नतिजा मतगणना अधिकृतबाट वाचन गरी मतगणना फाराममा अभिलेखाङ्कित गरिनेछ ।

(४) मतगणना कार्य शुरु गर्नु अघि मतगणना कार्य प्रारम्भ गरेको मुचुल्का र मतगणना पुरा भएपछि मतगणना पुरा भएको मुचुल्का तयार गरी रोहवरमा रहे भएका उम्मेदवार /मतगणना प्रतिनिधिको दस्तखत गराई निर्वाचन अधिकृतले प्रमाणित गर्नुपर्नेछ ।

(५) मतगणना अधिकृतले यो निर्देशिकाका अधिनमा रही मतगणनाको कार्यविधि सुनिश्चित गर्नुपर्नेछ ।

(६) मतगणना अधिकृतलाई निर्वाचन प्रकृयामा कुनै किसिमको द्धिविधा आइपरेमा निर्वाचन समिति समक्ष पेश गरी निर्वाचन समितिबाट भएको निर्णय अनुसार गर्नुपर्नेछ ।

(७) निर्देशिकाको व्याख्या वा निर्देशिकामा उल्लेख नभएको कुनै विषयमा निर्णय दिनु परेमा निर्वाचन समितिले गरेको व्याख्या वा निर्णय अन्तिम हुनेछ ।

(८) निर्वाचनको मतगणना गर्दा मतगणना अधिकृतले यो निर्देशिका बमोजिमको कार्यविधि अनुसरण गर्नु गराउनु पर्नेछ ।

(९) सर्वोच्च अदालत बार एशोसिएशनको कार्यसमितिको निर्वाचनमा मतदान गरिएका मतपत्रहरुलाई परिच्छेद ४ बमोजिम सदर र बदरको मतपत्र छुट्टयाई कुनै किसिमले फरक नपर्ने गरी प्रत्येक उमेदवारले पाएको मत गणना गर्नु पर्नेछ ।

## परिच्छेद -३
## मतगणना र निर्वाचन परिणामको घोषणा

**४. निर्वाचन समितिले मतगणना र निर्वाचन परिणामको घोषणा गर्दा निम्न बमोजिम गर्नेछ ।**

(१) निर्वाचन समितिले नेपाल बार एशोसिएशनको विधान, २०४८, नेपाल बार एशोसिएशनको विनियम, २०४९, सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचन आचारसंहिता, २०७५ र सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचन निर्देशिका, २०७५ समेत बमोजिम सहमतीय आधारमा मतगणना कार्य सम्पन्न गर्ने गराउनेछ । मतगणना प्रक्रियामा सहमति हुन नसकेको विषयमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

(२) सबै मतपेटिकाहरू उपस्थित भएका उम्मेदवारहरू/निजहरूका मतगणना प्रतिनिधिहरूको रोहवरमा निजहरुले समेत देख्ने गरी मतगणना गराई मतगणना कार्य सम्पन्न भएपछि निर्वाचन समितिले निर्वाचनको अन्तिम परिणामको घोषणा गर्नेछ ।

तर मतगणना कार्य गर्नका लागि निर्धारित समयमा कुनै उम्मेदवार/निजको प्रतिनिधिको अनुपस्थितिकै कारणले मात्र मतगणना कार्य गर्न र निर्वाचन परिणाम घोषणा गर्न बाधा पर्ने छैन ।

(३) निर्वाचन समितिले सकेसम्म प्रत्येक आधा-आधा घण्टामा मतगणना परिणाम सार्वजनिक गर्नेछ ।

(४) सदर/बदर मतपत्रहरू जाँची कुन-कुन उम्मेदवारले मत प्राप्त गरेका छन् भनी मतको नतिजा वाचन गरी मतगणना गर्ने गराउने कार्यकालागि निर्वाचन समितिले मतगणना केन्द्रमा बढीमा दुई जना मतगणना अधिकृत नियुक्त गर्नेछ । निर्वाचन समितिबाट खटिएका कर्मचारीहरूले मतको नतिजा मतगणना फाराममा अभिलेखाङ्कित गर्नेछन् ।

(५) मतगणना अधिकृतले यो निर्देशिकाका आधारमा मतगणना गर्ने गराउने छन् ।

(६) अध्यक्ष पदका उम्मेदवारहरूले मतगणना प्रक्रियाकालागि प्रत्येक मतगणना केन्द्रमा बढीमा २/२ जना मतगणना प्रतिनिधि चयन गरी निजहरूको नामावली मतगणना कार्य शुरु हुनु अगावै निर्वाचन समितिलाई उपलब्ध गराउनुपर्नेछ । त्यसरी नियुक्ति गरिएका मतगणना प्रतिनिधिहरूलाई निर्वाचन समितिले परिचयपत्र उपलब्ध गराउनेछ ।

(७) मतगणना कार्य विधिसम्मत ढङ्गले शान्तिपूर्ण रूपमा सम्पन्न गर्न-गराउन सहयोग पुऱ्याउनु मतगणना प्रतिनिधिको कर्तव्य हुनेछ ।

## परिच्छेद -४
## मतगणना अधिकृतको काम-कर्तव्य र अधिकार

**५. मतगणना अधिकृतको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचनको मतगणना गर्दा मतगणना अधिकृतले यो निर्देशिका बमोजिमको कार्यविधि अनुसरण गर्नु गराउनु पर्नेछ ।

सर्वोच्च अदालत बार एशोसिएशन निर्वाचन समिति काठमाडौं

(२) *सर्वोच्च अदालत बार एशोसिएशन* कार्यसमितिको निर्वाचनमा मतदान गरिएका मतपत्रहरूलाई देहाय बमोजिम सदर र बदरको मतपत्र छुट्टयाई कुनै किसिमले फरक नपर्ने गरी प्रत्येक उम्मेदवारले पाएको मत गणना गर्नुपर्नेछ–

| सदर-मतपत्र | बदर-मतपत्र | बदर हुने कारण |
|---|---|---|
| १. उम्मेदवार | १. उम्मेदवार | रेजाबाहेक अन्य चिन्ह अक्षर अङ्कित |
| २. उम्मेदवार | २. उम्मेदवार | एक भन्दा बढी कोठालाई रेजाले छोएको |
| ३. उम्मेदवार | ३. उम्मेदवार | रेजाको कोण बाहिर परेको |
| ४. उम्मेदवार | ४. उम्मेदवार | दुई ओटा रेजा लागेको |
| ५. उम्मेदवार | ५. उम्मेदवार | दुई ओटा रेजा लागेको |
| ६. उम्मेदवार | ६. उम्मेदवार | कोठाबाहिर कुनै चिन्ह वा अक्षर अंकित वा केही लेखिएका |
| ७. उम्मेदवार | ७. उम्मेदवार | पद सङ्ख्याभन्दा बढी रेजा लागेको |
| ८. उम्मेदवार | ८. उम्मेदवार | कोठा भन्दा बाहिर भएमा |

(३) कुनै पदको मत बदर भएमा अन्य पदको सदर मतलाई बदर गरिने छैन ।

(४) मतपत्रमा *सर्वोच्च अदालत बार एशोसिएशन* निर्वाचन समितिको छाप, प्रमुख निर्वाचन अधिकृतको सही र निर्वाचन अधिकृतको सहीमध्ये कुनै एक नभएमा मतपत्र बदर हुनेछ ।

(५) रेजाबाहेकको अन्य चिन्ह लागेको मतपत्र बदर हुने ।

(६) रेजा चिन्ह लागेकोमा कलम/डटपेनको कारणले चिन्ह लगाउँदा मतपत्रमा प्वाल परेमा सदर हुने ।

## परिच्छेद -५
## विविध

६. **विधान र विनियम र आचारसंहिता बमोजिमै हुने :** यस निर्देशिकाको कुनै कुरा नेपाल बार एशोसिएशनको विधान, २०४८ वा नेपाल बार एशोसिएशनको विनियम, २०४९ वा नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन आचारसंहिता, २०७५ सँग बाझिएमा सो हदसम्म निर्देशिकाको प्रावधान अमान्य भई विधान, विनियम र आचारसंहिता बमोजिमै हुनेछ ।

७. **बाधा-अड्काउ फुकाउने** : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा-अड्काउ आइपरेमा निर्वाचन समितिले उपयुक्त आदेश जारी गरी त्यस्तो बाधा-अड्काउ फुकाउन सक्नेछ ।

(श्रुतिकुमारी रेग्मी)
निर्वाचन अधिकृत

(अवतार न्यौपाने)
निर्वाचन अधिकृत

(नारायणप्रसाद प्रसाई)
प्रमुख निर्वाचन अधिकृत

जारी मिति : २०७५/०२/२४